# बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०६ संख्या : ०४ भाग : ०१ प्रकाशित मिति : २०७९/११/०८


## बैजनाथ गाउँपालिका नगर प्रहरी सम्बन्धी ऐन, २०७९

गाउँसभाबाट स्वीकृत मिति : २०७९/१०/१२

गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति :२०७९/१०/२२

**प्रस्तावना**

नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १ को क्षेत्राधिकार भित्र रही स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) क.१ ले दिएको अधिकार प्रयोग गरी नगर प्रहरीको गठन, सञ्चालन, ब्यस्थापन, नियमन तथानगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्न वान्छनीय भएकोले बैजनाथ गाउँपालिकाको गाउँ सभाले नगर प्रहरी सम्बन्धि ऐन २०७९ बनाएको छ ।

## परिच्छेद१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बैजनाथ गाउँपालिका नगर प्रहरी ऐन, २०७९" रहेकोछ।

(२) यो ऐन गाउँ सभाले स्वीकृत गरि राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ।

**२.परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्भन्नुपर्छ।

(ख) "ऐन" भन्नाले बैजनाथ गाउँपालिका नगर प्रहरी ऐन २०७९ लाई सम्भन्नु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले बैजनाथ गाउँपालिकालाई सम्भन्नु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले बैजनाथ गाउँ कार्यपालिका सम्भन्नुपर्छ।

(ङ) "मुख्य कार्यालय" भन्नाले बैजनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रामपुरलाई सम्भन्नु पर्छ।

(च) "समिति" भन्नाले बैजनाथ गाउँपालिकाको पदपुर्ति समितिलाई सम्भन्नु पर्छ।

(छ) "नगर प्रहरी" भन्नाले बैजनाथ गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्भन्नु पर्छ ।

(ज) "करार पद" भन्नाले म्याद तोकिएको बैजनाथ गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्भन्नु पर्छ।

(झ) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति,पत्नी, छोरी, अबिवाहीत छोरी, धर्म पुत्र, धर्म पुत्री, अबिवाहीत धर्मपुत्र, अबिवाहीत धर्मपुत्री, बुवा आमा वा सौतेनी आमा सम्भन्नु पर्छ र यो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउने छ।

(ञ) "भत्ता" भन्नाले बैजनाथ गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्भन्नु पर्छ।

(ट) "आर्थिक बर्ष" भन्नाले श्रावण १ गते देखि सुरु भई असाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्भन्नु पर्छ।

(ठ) “सभा” भन्नाले बैजनाथ गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

ड) “गाउँपालिका” भन्नाले बैजनाथ गाउँपालिका सम्झनु पर्छ ।

(ढ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) “जवान” भन्नाले प्रहरी जवानलाई सम्झनु पर्छ ।

(त) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्छ ।

(थ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बैजनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

**३. ऐनको ब्याख्या गाउँपालिकाले गर्ने** : (१) कुनै अधिकारीले यस ऐनको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१)को सम्बन्धमा गाउँपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरि सक्नु पर्नेछ ।

## परिच्छेद २
## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४. नगर प्रहरी सेवाको गठन :** (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा समूह रहने छ ।

(२) गाउँपालिकाको नीति, कानुन, मापदण्ड, कार्यान्वयन गर्न सुरक्षा र संरक्षण, ब्यवस्थापन, नियन्त्रण, खोजी, उद्धार, राहत तथा पुनर्स्थापना एवंम् नेपाल सरकारको कार्य बिस्तृतीकरण बमोजिम नगर प्रहरीसंग सम्बन्धित अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले तोकेको अन्य कार्य गर्नका लागि एक बैजनाथ नगर प्रहरी सेवा रहनेछ ।

(३) नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको सँख्या पद र तह गाउँ सभाबाट स्वीकृत संगठन संरचना बमोजिम हुने छ । गाउँपालिकाको सभाबाट स्वीकृत नभए सम्मका लागि कार्यपालिकाले करारमा पदपूर्ति गर्न अस्थायी दरबन्दी सिर्जना गर्न सक्ने छ ।

**५. गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह** :(१) दफा ४(३) बमोजिमको दरबन्दी सिर्जना गर्दा देहाय बमोजिमका पदहरु कायम हुन सक्नेछन् ।

(क) नगर प्रहरी सहायक निरिक्षक- १ जना
(ख) नगर प्रहरी हवलदार-१ जना
(ग) नगर प्रहरी जवान-९ जना सम्म

(२) गाउँपालिकाले प्रत्येक पदको कार्य बिवरण बनाउनेछ र त्यस्तो कार्य बिवरणमा सम्बन्धित पदको काम, कर्तब्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।
(३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६.**नगर प्रहरीको पोषाक र चिन्ह** : (१) नगर प्रहरीको एक छुट्टै पोषाक हुनेछ । पोषाकमा नेपाल प्रहरीको पोषाकमा जस्तै तत् तत् ठाउँमा पद अनुसारको नाम एवंम् दर्ज्यानी चिन्ह रहनेछ । निजहरुको पोषाकको पाखुरा तर्फ बैजनाथ गाउँपालिकाको छुट्टै लोगो चिन्ह रहनेछ ।
(२) उपदफा एक बमोजिमको दर्ज्यानी चिन्ह देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रहरी सहायक निरिक्षकको कुममा एक तारा ।
(ख) नगर प्रहरी हवल्दारको कुममा तिन धर्का ।
(ग) नगर प्रहरी जवानको कुममा फित्तामात्र ।

## परिच्छेद ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तब्य र अधिकार

७. **नगर प्रहरीको काम, कर्तब्य र अधिकार** :देहायको कार्यमा सहयोग पु-याउनको लागि गाउँपालिकाले नगरप्रहरीको परिचालन गर्न सक्नेछ । नगर प्रहरीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथानिर्णय कार्यान्वयन,
(ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,
(ग) गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथाजात्रा चाडपर्वको सुरक्षा ब्यवस्थापन,
(घ) गाउँपालिका भित्रका बजार तथा पार्किङ स्थलको रेखदेख र ब्यवस्थापन,
(ङ) गाउँपालिका सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,
(च) न्यायिक समितिले गरेका मेलमिलापपत्र तथा निर्णयको कार्यान्वयन,
(छ) सार्वजनिक ऐलानी र पर्ति जग्गा, सार्वजनिकभवन, सम्पदा तथा भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा,
(ज) विपद ब्यवस्थापन सम्बन्धिखोजी ,उद्धार, राहत तथा पुनर्स्थापना,
(झ) अनधिकृत बिज्ञापन तथा होडिङबोर्डको व्यवस्थापन,
(ञ) छाडा पशु, चौपाया नियन्त्रण,
(ट) गाउँकार्यपालिकाले तोकेको एवंम् अह्राएको अन्यकार्य ।

## पच्छेिद ४

## नगर प्रहरी व्यवस्थापन

**८. नगर प्रहरी व्यवस्थापन :** (१) गाउँपालिकाको स्वीकृत दरबन्दी संरचना भित्र नगर प्रहरी स्थायी नियुक्ति गरी कार्य गराईने छ ।

(२) पालिका प्रहरीको नियुक्ति पालिका प्रहरी पदपूर्ति समितीको सिफारिसमा हुनेछ ।

(३) यस ऐन बमोजिम रिक्त हुन आउने पदहरुको प्रत्येक वर्ष प्रदेश लोक सेवा आयोगले तोकेको सिमा भित्र रही माग आकृति फारम भरी पठाउन पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्ति नभए सम्मका लागि कार्यपालिकाले तोकेको सँख्यामा करार सेवामा पदपूर्ति, पदपूर्ति समितिले गर्नेछ ।

(५) दफा (४) बमोजिम देहाय बमोजिमको  पदपूर्ति समिति रहनेछ ।

(क) पालिकाको प्रमुख प्रशासकीय अधिकृत - सँयोजक

(ख) जिल्ला वा ईलाका प्रहरी कार्यालयको प्रहरी निरिक्षक - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(६) उपदफा (४) बमोजिम नगर प्रहरी नियुक्ति गर्दा शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित एवम् मौखिक परीक्षा गरी खुल्ला प्रतियोगिताद्वारा गरिनेछ ।

(७) परीक्षाको पाठ्यक्रम, अँकभार र परीक्षा संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । यसरी नतोकिने अवधि भर यस्तो परीक्षा संचालन गर्न पर्दा नेपाल प्रहरीको समान तत् तत् पदको लागि निर्धारित पाठ्यक्रम र परीक्षा प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

(८) करार सेवामा कार्यरत नगर प्रहरीको बार्षिक करार सम्झौता गरि सोही बमोजिम व्यवस्थापन गरिनेछ ।

**९. पदपूर्तिका लागि प्रतिशत निर्धारण :** (१) खुल्ला प्रतियोगिताद्वारा पदपुर्ति गरिने पद मध्ये कुल रिक्त पदको ५५ प्रतिशत खुल्ला तर्फ निर्धारण गरि बाँकीलाई शत प्रतिशत मानी देहाय बमोजिम प्रतिशतको निर्धारण गरि पदपूर्ति गर्नुपर्ने छ ।

(क) महिला तर्फ २० प्रतिशत

(ख) आदिवासी/जनजाती३२ प्रतिशत

(ग) मधेशी तर्फ २८प्रतिशत

(घ) दलित तर्फ १५ प्रतिशत

(ङ) मुस्लिम/पिछडिएको क्षेत्र ५प्रतिशत

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पनि आरक्षण पदमा दरखास्त नपरेमा वा उपयुक्त उम्मेद्वार छनौट हुन नसकेमा त्यस्तो सिटलाई सोही बिज्ञापनमा खुल्ला तर्फ परिणत गरि पदपूर्ति गरिनेछ ।

(३) प्रतिशत निर्धारण गर्दा दशमलव पछिको अँकलाई क्रमश : तल्लो समुहमा जोड गरि मिलान गरिनेछ ।

**१०. योग्यता एवंम सेवा सुविधा :** (१) यस ऐन बमोजिम स्थायी वा करार तर्फ पदपूर्तिका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) उमेर तथा शैक्षीक योग्यता

| क्र. सं. | पद | उमेर | न्युनतम शैक्षीक योग्यता |
|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरिक्षक | १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको | कम्तीमा १२ कक्षा वा सो सरह उतिर्ण |
| २ | नगर प्रहरी हवलदार | १८ बर्ष पुरा भई २४ बर्ष ननाघेको | कम्तीमा १० कक्षा वा सो सरह उतिर्ण |
| ३ | नगर प्रहरी जवान | १८ बर्ष पुरा भई २३ बर्ष ननाघेको | कम्तीमा ८ कक्षा उतिर्ण |

(ख) यस दफा बमोजिम पदपूर्ति गर्दा भूतपुर्व सेना वा प्रहरीबाट पदपूर्ति गर्ने भनि कार्यपालिकाले निर्णय गरेको खण्डमा प्रहरी सहायक निरिक्षक, प्रहरी हवलदार र प्रहरी जवान पदका लागि अधिकतम उमेर क्रमश : ४५ बर्ष र ४० बर्ष हुनुपर्ने छ । तर ५८ बर्ष उमेर पुगे पछि स्वतः सेवाबाट अलग हुन पर्नेछ ।

(ग) शैक्षिक प्रमाण पत्र पेश गर्दा विदेशी विश्व-विद्यालय वा कलेज स्कुलको हकमा नेपालको मान्यता प्राप्त निकायबाट समकक्षताको प्रमाण पत्र राख्नपर्नेछ ।

(घ) भुतपूर्व सेवाबाट पुर्ति गर्ने पदमा शैक्षिक योग्यता लागु हुनेछैन ।

(२) देहायका व्यक्ति यस ऐन बमोजिम पदपूर्ति प्रक्रियामा भाग लिन योग्य हुनेछैन :

(क) गैर नेपाली नागरिक

(ख) नैतिक पतन देखिने गरी कुनै फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति

(ग) मानसिक सन्तुलन ठिक नभएको व्यक्ति

(घ) तोकिए बमोजिमका सूचना वा सूचना प्रकाशन गर्दा तोकेका अन्य अयोग्य व्यक्ति ।

**११. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) यस ऐनमा अन्यत्र व्यवस्था भए देखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस ऐनमा तोके बमोजिम प्रतिशतनिर्धारण गर्ने,

(ख) पाठ्यक्रम तर्जुमा हेरफेर तथा परिमार्जन गर्ने,

(ग) पदपूर्ति कार्य तालिका बनाउने,

(घ) विज्ञापन प्रकाशन गर्ने र

(ङ) शारीरिक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि सँख्या निर्धारण गरि नतिजा प्रकाशन गर्ने,

(२) सुचनाको म्याद पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न १५ दिनको म्याद दिई राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशित गर्नपर्नेछ ।

(३) तालिमको व्यवस्था गरि नयाँ नियुक्ति हुने नगर प्रहरी कर्मचारीलाई कम्तिमा १५ दिनको तालिम दिई कामकाजमा खटाउने ।

(४) तालिमको पाठ्यक्रम र विधि तोकिए बमोजिम हुने छ । यसरी नतोकिदा सम्म जिल्ला प्रहरी कार्यालय वा ईलाका प्रहरी कार्यालयमा अनुरोध गरी तालिम संचालन गर्न सकिने छ । यसरी तालिम गर्दा लाग्ने खर्च गाउँपालिकाले व्यहोर्नेछ ।

(५) पदपुर्तिको लागि अतिरिक्त योग्यता जस्तै कम्प्युटर शीप, सवारी चालक अनुमति पत्र, स्थानीय वापत माथिल्लो शैक्षिक योग्यता लगायतका विषय तोक्न सकिनेछ ।

(६) नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण तोकिए बमोजिम वा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विदा सम्बन्धीव्यवस्था

**१२. नगर प्रहरीको लागिविदा :**नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमका विदा उपलब्ध हुनेछ ;

(१) स्थायी नगर प्रहरीको हकमा नगरपालिकामा कार्यरत अन्य अस्थायी कर्मचारीको अतिरिक्त सट्टा बिदा तोकिए बमोजिम थप उपलब्ध गराईनेछ ।

(२) करारको हकमा करार सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताब खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनपर्नेछ ।

## परिच्छेद ५

## कसुर तथा सजाय

**१३. कसुर तथा सजाय** : (१) नगर प्रहरीले नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाइदा पुग्ने किसिमको कुनै काम गरेमा प्रचलित कानुन बमोजिम कसुर मानि सजाय हुनेछ । नसिहत दिने, तलब बृद्धि रोक्का गर्ने ,घटुवा गर्ने ,लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पुर्ण रुपमा तलब भत्ताबाट कट्टी गरी अशुल उपर गर्ने , भबिष्यमा बैजनाथ गाउँपालिकामा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(२) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउने आदेशको अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ । सजायको आदेश दिन अघि कार्वाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिईनेछ ।

(३) नगर प्रहरीले देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउने वा बर्खास्त गर्ने :

(क) पदीय जिम्मेवारी पुरा नगरेमा

(ख) राजनीतिमा लागेमा

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा

(घ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी आएमा

(ङ) प्रचलित कानुन बमोजिम गर्न नहुने अन्य काम गरेमा ।

## परिच्छेद७

## विविध

**१४. ऐन शंशोधन** : (१) यस ऐनको आवश्यक संशोधन बैजनाथ गाउँपालिकाको गाउँ सभाले गर्न सक्नेछ ।

**१५. नियम तथा कार्यविधि बनाउन सक्ने** : (१) यस ऐन बमोजिम बैजनाथ गाउँकार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(२) यस ऐनमा तोकिए बमोजिम भनिएको विषयमा नियमावली नबने सम्मको लागि कार्यपालिकाले गरेको निर्णय मानी हुनेछ ।

**१६. खारेजी र बचाऊः**यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

आज्ञाले,
गंगाराम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

मुद्रणः मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-

घरेलुदर्ता नं. ११९/४६१४/२०७०/२०७१